# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं:१६६००११६१८५

मितिः२०८०/०२/०७

**मधुवन गोठ ऐतिहासिक पर्यटन केन्द्र स्थापना तथा प्रवर्द्धन केन्द्र, विष्णु गा.पा. ३, सर्लाहीको विकासको लागि वजेट विनियोजन गर्न अपील!**

नेपाल-अंग्रेज युद्ध सन् १८१४-१८१६ ताका भीमसेन थापाको पालामा भारतको मेजरगंज थानाको प्रतिरक्षार्थमा मधुवन थाना स्थापना भई स्थानीय तिरहुतिया पल्टनको प्रत्यक्ष सहयोगमा तीर-धनुष,भाला,गुलेली,गरांस लगायतका घरेलु र पारम्परिक हात-हतियारका साथ सिमापारिका ब्रिटिश-भारतका मेजर सहितका सेनामाथि हमलागरी मारेका थिए र ब्रिटिश सेनालाई परास्त गरेका थिए । तत्पश्चात नै अंग्रेजले नेपालमाथि सवै प्रकारका आक्रमण रोकी- अन्त्यगरी सुगौली सन्धि गर्न बाध्य भएका थिए ।

यस्तो ऐतिहासिक तथा वीरगाथा तथा वहादुरीपूर्ण र गौरवपूर्ण जीवन्त इतिहासलाई ओझेलमा पारिएको छ । नेपाल र नेपाली कै शिर ठाडो हुनेगरी भएका स्थानीय तिरहुतिया सेनाको गौरवगाथालाई उजागर हुने गरी संघीय सरकार र प्रदेश सरकारले यसै आ.व.देखि विष्णु गाउँपालिकाबाट सिफारिस गरिएका रकम उपलब्ध गराई विष्णु गाउँपालिकाका साथै जिल्ला समन्वय समिति लगायत सरोकारवालाकै निर्णयानुसार नै नेपाली सेनाकै प्राविधिक सहयोग र समन्वयमा कार्य सुसम्पन्न हुनेगरी इतिहासमा अक्षरांकित कार्य होस् ।त्यसको लागि मधेशी आयोग हार्दिक अपील गर्दै तदारुकताका साथ उक्त कार्य सम्पादनको पुर्ण आशा र अपेक्षा गर्दछ ।

**यस ऐतिहासिक - वीरतापूर्ण कार्यका केहि घटनाक्रमहरु :**

- नेपाल– अंग्रेज युद्द सन् १८१४ (वि.सं.१८७२– ७४)
- सुगौली सन्धि सन् (१८१६) बमोजिम नेपालको वर्तमान सिमाना पुर्व पश्चिम तथा दक्षिणमा निर्धारण भएको ।
- उक्त युद्धकालमा मधुवनगोठ हाल विष्णु गापा– ३, सर्लाहीमा ब्रिटिशसँगको प्रतिरक्षाका लागि मधुवन क्याम्पको स्थापना भएको, हाल मधुवन थाना (प्रहरी चौकी) रहेको ।
- उक्त युद्ध ताका स्थापित मधुवन थानाको नाममा हाल सम्म कित्ता नं. २१ क्षेत्रफल ०–३– १ जग्गा कायम रहेको ।

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं:१६६००११६१८५

- उक्त युद्ध ताका स्थापित मधुवन थानाको अगाडी रहेको परेड ग्राउण्डमा हाल वार्ड ४ कित्ता नं. २१६ र २१२ क्षेत्रफल १–१६ तथा ०–४–१५ सहितको ठूलो चौर, कित्ता नं २१३ क्षेत्रफल ०– ११– १० मा पोखरी लगायत मन्दिर मा.वि. मधुवन– विश्वनाथपुरा साथ साथै वार्ड कार्यालय समेत रहेको ।

- उक्त युद्धमा मधुवन क्याम्पबाट सिमानापारी रहेको ब्रिटिश क्याम्पमाथि रातिको बेला हमला भएको
- उक्त युद्धमा रातिको बेला मधुवन क्याम्पका नेपाली सैनिक दलबाट गोरु तथा भैसीको सिंगका मशान बालि स्थानीय व्यक्तिहरुको सहयोगमा ब्रिटिश क्याम्प तर्फ सामुन्नेको बाटा गएको तथा पछाडीबाट ब्रिटिश क्याम्प माथि ठूलो नेपाली सैनिक दलद्धारा हमला भएको ।
- उक्त हमला नेपाली सैनिक दलबाट ब्रिटिश सैनिक क्यामप माथि हुँदा ब्रिटिश सेनाका मेजर लेन (Lain), निजको ब्रिटिश चिहान स्थल (कब्रस्थान) मेजरगंज (कुवासी मदन) जिल्ला सीतामढी विहार, भारतमा कित्ता नं. ४३९०, ४३९३ तथा ४३९९ का जग्गाहरुको कुल क्षेत्रफल तिन एकडमा फैलिएर रहेको ।
- उक्त तीन एकडमा फैलिएर रहेको कब्रस्थान भारत सरकारको अधिनमा रहेको जब कि अन्य कब्रस्थान बिहार प्रदेश सरकारको अधिनमा रहेको ।
- उक्त युद्धमा नेपाली सैनिक दलबाट मारिएका ब्रिटिश सेनाका मेजर लेन (Lain), का नाममा पेरगज अर्थात लेन बजारको नामाकरण भएको, किउरी मेदन (Curie Madam), को नाममा कुवाडी मेदन गाउँको नामाकरण भएको तथा मैना वीवीको नाममा मैनावीवी पोखरीको नामाकरण भएको ।
- मधुवन गोठदेखी मेजरगंजको दुरी ६ कि.मी रहेको जसमा नेपाल– भारत सिमाना बाट मधुवनगोठ दुई कि.मी तथा मेजरगंजको दुरी ४ कि.मी रहेको
- युद्ध पश्चात कालान्तरमा पश्चिममा रहेको गौर, रौतहट तथा पूर्वमा मलंगवा, सर्लाहीको विचमा मधुवन थाना नेपाल भारत प्रवेशद्धार रहेको ।
- कालान्तरमा रौतहट जिल्ला अन्तर्गत बागमती नदि पूर्वका २८ वटा स्थानीय निकाय (गाउँ पंचायत) को सुरक्षा जिम्मेवारी मधुवन थाना अन्तर्गत रहेको

मधेशी आयोग
ज्वागल, ललितपुर
फोन नं: ०१-५२६११८५
टोलफ्रि नं:१६६००११६१८५

- महेन्द्र राजमार्गको निर्माण पूर्व विशेषगरी वर्षायाममा बागमती पूर्वका कर्मैया देखि हरिवन सम्मका सर्वसाधारण मानिस राजधानी काठमाडौं जाँदा मधुवन थाना भएर भारत पसी रेल चढी रक्सौल विरगंज जाने गरेको ।
- उक्त युद्धकालमा नेपाली सेना राजधानी काठमाडौंबाट हेटौंडा, विरगंज, कलैया तथा गौर हुँदै मधुवनथामा सम्म आउने गरेको ।

**मधुवन गोठ ऐतिहासिक पर्यटन केन्द्र स्थापनार्थ हालसम्म भएका प्रगति :-**

- वि.सं २०७६ साल कार्तिक १४ गते मधेशी आयोगका माननीय अध्यक्ष डा. विजयकुमार दत्तको स्थलगत भ्रमण भई आयोगको वार्षिक प्रतिवेदनमा मधुवन थानाको ऐतिहासिक महत्व बारे उल्लेख भएको तथा सो कुरा बारे व्यक्तिगत रुपमा तत्कालिन सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारी, सम्माननीय प्रधानमन्त्री के.पि शर्मा ओली , माननीय रक्षा मन्त्री ईश्वर पोखरेल, संघीय मामीला तथा सामान्य प्रशासन माननीय मन्त्री हृदयश त्रिपाठी, श्रम तथा यातायात मन्त्री मा. रामेश्वर राय यादवका साथै तत्कालिन प्रधान सेनापति श्री पूर्ण चन्द्र थापालाई विशेष रुपमा प्रस्तुति भएको ।

- वि.सं. २०७७ साल फाल्गुन ५ गते मधुवन गोठ ऐतिहासिक पर्यटन केन्द्र स्थापना तथा प्रवर्द्धनका लागि विष्णु न.पा.का अध्यक्ष श्री जवाहरलाल यादवको अध्यक्षतामा निर्देशन समितिको साथ साथै स्थानीय श्री रामचन्द्र महतो मानार्थ अध्यक्ष तथा श्री विन्ती प्रसाद चौधरी कार्यकारी अध्यक्ष रहेको कार्य समिति गठन भएको ।

- वि.सं २०७७ साल फाल्गुन ६ गतेको विष्णु गापाको पत्र फाल्गुन ७ गते मधेशी आयोगका माननीय अध्यक्ष डा.दत्त मार्फत तत्कालीन प्रधान सेनापति समक्ष प्रेसित भएको ।

- तत्कालीन प्रधान सेनापतिको निर्देशनमा वि.सं. २०७७ फाल्गुन ८ गते गणपति सरोज राणाज्यूको स्थलगत भ्रमण भएको ।

# मधेशी आयोग

ज्वागल, ललितपुर

मधेशी आयोग ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं:१६६००११६१८५


- मेजर लेन सहितका कबर स्तम्भहरु, मेजर साहेबको मंच इत्यादिका तस्विरहरु गणपति सरोज राना समक्ष वि.सं. २०७७ फागुन १९ गते प्रस्तुत भए पश्चात चैत्र १ गते वाहिनी पति ध्रुव शाहको स्थलगत भ्रमण भएको
- वि.सं. २०७७ चैत्र ३० गते यस विषयवस्तुबारे मधुवनगोठमा विस्तारित बैठक भएको ।
- वर्तमान प्रधानसेनापति श्री प्रभुराम शर्मासंग मधेशी आयोगका माननीय अध्यक्ष डा.दत्तको लिखित र टेलिफोनको माध्यमबाट सो कार्यलाई निरन्तरता दिन फलदायी विमर्श भएको ।
- वि.सं. २०७८ बैशाख ३ गते मधेशी आयोगका माननीय अध्यक्ष डा.दत्तबाट गणपति सरोज राना, प्रमुख जिल्ला अधिकारी, गा.पा. अध्यक्ष श्री जवाहरलाल यादवबाट भेटघाट हुँदै स्थलगत भ्रमण भएको ।
- वि.सं २०७८ बैशाख ११ गतेको विष्णु गाउँपालिकाको पत्र बमोजिम गणपति सरोज रानाको बैशाख २५ गते पुनः स्थलगत भ्रमण भएको ।
- गणपति सरोज रानासँगको बिचारविमर्श बमोजिम लागत अनुमान सहित विष्णु गा.पा.को पत्र बमोजिम रु ६,४०,७३,८६७/०९ (छ करोड चालिस लाख त्रिहत्तर हजार आठ सय सतसट्ठी र पैसा नौ) को निर्माण कार्यको लागि प्रधान सेनापतिको नाममा वि.सं २०७८ साल जेष्ठ ६ गते पत्राचार भएको ।
- वि.सं. २०७८ साल असोज १३ गते गणपति अभिषेक कार्कीको स्थालगत भ्रमण भएको ।
- आ.ब. २०७९/०८० मा मधेश प्रदेश सरकारबाट रु १,००,००,०००/- (एक करोड) विनियोजित भएको तर निकाशा हुन नसकेको ।
- मिति २०८० बैशाख २० गते जिल्ला समन्वय समिति, सर्लाहीका प्रमुख एवं प्रमुख जिल्ला अधिकारी र जिल्लाका सुरक्षा प्रमुखहरु समेतबाट स्थलगत निरिक्षण भएको ।

# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं:१६६००११६१८५

- मिति २०८० जेठ ४ गते मधेशी आयोगबाट श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं, श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं, श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, श्री अर्थ मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम र श्री नेपाली सेनाको केन्द्रीय कार्यालय, काठमाडौंमा आवश्यक कायार्थको लागी पत्र पठाइएको छ ।

.......................................
(रुद्र प्रसाद लामिछाने)
सचिव